नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

☎०८३-५२०१२१
५२०१२२
५२०१२३
फ्याक्स: ५२०३११

जग्गा प्राप्ती ऐन, २०३४ को दफा ८ को प्रक्रिया पुरा गरेको गुर्भाकोट नगरपालिकाको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्न सोही ऐनको दफा ९(१) बमोजिम प्रकाशित १५ दिने सार्वजनिक सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/३१)

१. सुर्खेत जिल्ला, गुर्भाकोट नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको नीजि हकभोग भएको जग्गा कानून बमोजिम प्रक्रिया पुरा गरी प्राप्ती गर्ने।

२. प्राप्ती गर्ने नीजी हकभोग जग्गाको कि.नं. ५०, १९६ र २१ को जम्मा क्षे.फ. ४५४३.०० वर्ग मिटर, (विगाहको हकमा ०-१३-८.३१)।

३. जग्गा रहेको स्थानः गुर्भाकोट नगरपालिका वडा नं. १२ दहचौर (साविक घुमखहरे)।

४. नीजी हकभोगको कित्ता नं. ५०, १९६ र २१ जग्गा धनी व्यक्तिहरु क्रमशः मुक्त वहादुर घर्ती, पवी देवी गरंजा र नन्दकली घर्ती।

उल्लिखित व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशित गरिएको छ। साथै, प्रचलित कानून बमोजिम तोकिए बमोजिम सम्बन्धित कार्यालयहरु र जग्गावाला व्यक्तिहरुको घर ठेगानामा समेत पत्राचार गरिने छ। कानून बमोजिम उल्लिखित कि.नं., क्षे.फ.का जग्गाहरु प्रक्रिया पुरा गरी गुर्भाकोट नगरपालिकाको हकभोगकमा हस्तान्तरण गरिने भएकाले तोकिएको मूल्याङ्कन र मूल्यनिर्धारण अनुसार जग्गा दिन मञ्जुरी गरेका जग्गा धनीहरुले आफुले जग्गा उपलब्ध गराउन नसक्ने भए सूचना प्रशाशित भएका मितिले १५ दिन भित्र आफ्नो विमती धारणा सहित जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा स्वयम जग्गा धनी उपस्थित भई लिखत निवेदन दिन जानकारी गराइएको छ। तोकिएको अवधि भित्र जग्गाधनीको कुनै दावी, विरोध असहमति लिखित रुपमा नआएमा सूचनाको म्याद समाप्ति पश्चात उल्लिखित कि.न., क्षे.फ.का जग्गाहरु कानूनी प्रक्रिया पुरा गरी, मूल्याङ्कन र मूल्यनिर्धारण गरी मूल्याङ्कित जग्गाको मुल्य सम्बन्धित जग्गा धनीलाई उपलब्ध गराई उल्लिखित कि.न.,क्षे.फ.का जग्गाहरु गुर्भाकोट नगरपालिकाको हकभोगमा हस्तान्तरण गरिने छ।

स्थानीय अधिकारी
जिल्ला प्रशासन कार्यालय, सुर्खेत

नारायण प्रसाद सापकोटा
प्रमुख जिल्ला अधिकारी

CamScanner